फोन-०६१ ४६७८२७
Website:mosd.gandaki.gov.np
शहिदचोक, पोखरा

गण्डकी प्रदेश सरकार
# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय
पोखरा,नेपाल

पत्र संख्या :२०७९/०८०
च.नं. १६०९

मितिः २०८०/०२/१९

**विषयः सूचना प्रवाह एवम् सहजिकरण सम्बन्धमा ।**

श्री ८५ वटै स्थानीय तहहरु
गण्डकी प्रदेश ।

प्रस्तुत विषयमा यस मन्त्रालयबाट सीप मूल्याङ्कनकर्ता पुरर्ताजगी तालिमका लागि निवेदन आव्हान सम्बन्धी मिति २०८०/०२/१७ गते गोरखापत्रमा सूचना प्रकाशन भईसकेको व्यहोरा अनुरोध गर्दै उक्त सूचना र सूचनासँग सम्बन्धित बिस्तृत विवरण यसैसाथ संलग्न गरी पठाइएको छ । त्यस स्थानीय तह भित्र रहेका सीप मूल्याङ्कनकर्ता तालिम र प्रमाणपत्र हासिल गरिसकेका सम्बन्धित पेशाका व्यक्तिहरुलाई सूचनाको म्याद भित्र फारम भर्नका लागि सूचना प्रवाह गर्ने, फाराम भर्न सहजिकरण गर्ने लगायतका कार्यमा आवश्यक सहयोग गरिदिनुहुन अनुरोध छ । सूचनाको बिस्तृत विवरण मन्त्रालयको वेवसाइट mosd.gandaki.gov.np बाट पनि हेर्न सकिने व्यहोरा जानकारी गराइन्छ ।

(तोयनाथ लम्साल)
उपसचिव
**उप सचिव**

विहादी गाउँपालिका
वहाकीठाँटी, पर्वत
दर्ता नम्बर : १२६२
दर्ता मिति : 2080/02/23

phone no. 061-467914 E-mail- mosdgedu@gmail.com

**गण्डकी प्रदेश सरकार**

**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**

**पोखराको**

# सीप मुल्याङकनकर्ता पुनर्ताजगी तालिम (Assessor Refresher Training) सम्बन्धी सूचना

**तालिम हुने स्थानः सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले तोकेको स्थान**

**सूचना प्रकाशित मितिः** २०८०/०२/१७

गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS-P II) को आर्थिक सहयोग र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, गण्डकी प्रदेश कार्यालयको समन्वयमा राष्ट्रिय सीप परिक्षण समिति, सानोठिमी भक्तपुरबाट तालिम सञ्चालन, प्रमाणीकरण एवम् परिचय पत्र व्यवस्थापन हुने गरी सीप मूल्याङकनकर्ताहरुका लागि (३ दिने) पुनर्ताजगी तालिम (Assessor Refresher Training) मा सहभागी हुन इच्छुक प्राविधिक तथा व्यावसायिक बिषयका मुल्याङकनकर्ताहरुले मिति २०८०/०२/३१ गते भित्र देहाय बमोजिमका स्थानहरुमा आवेदन फाराम सहित आवश्यक कागजात पेश गर्नुहुन जानकारी गराइन्छ।

**नोटः** निवेदन दिन सकिने पेशाहरु, आवेदकको न्युनतम योग्यता, पेश गर्नुपर्ने कागजातहरु, निवेदन पेश गर्न सकिने स्थानहरु र सहभागी छनौटका आधारहरु मन्त्रालयको वेवसाइट mosd.gandaki.gov.np बाट हेर्न सकिनेछ।

आवेदन फाराम **ctevtgandaki.org.np** र **mosd.gandaki.gov.np** बाट डाउनलोड गरी वा CTEVT, गण्डकी प्रदेश कार्यालय, मालेपाटन वा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय पोखराबाट प्राप्त गर्न सकिने छ ।

थप जाकारीका लागि CTEVT, गण्डकी प्रदेश कार्यालयको फोन नं.०६१-५३२२७१ वा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, NVQS, प्रादेशिक परियोजना सहयोग इकाईको सम्पर्क नं ०६१-५९०८७५/९८५४०४१३०१ मा सम्पर्क गर्न सकिनेछ ।

१. निवेदन पेश गर्न सकिने पेशाहरुः

| क्रस | पेशा | क्रस | पेशा | क्रस | पेशा |
|---|---|---|---|---|---|
| १ | Cell Mobile Phone Repair Technician | ७ | Commi | १३ | JTA |
| २ | House Painter | ८ | Vehicle Mechanic | १४ | Computer Operator |
| ३ | Motorcycle Mechanic | ९ | Plumber | १५ | Waiter |
| ४ | Tile Marble Fixer | १० | Boiler Operator | १६ | Building Electrician |
| ५ | Construction Mason | ११ | Welder | १७ | Beautician |
| ६ | Ref and AC Mechanic | १२ | Tailoring | | |

**निवेदकको न्यूनतम योग्यताः**

क. गण्डकी प्रदेशमा स्थायी ठेगाना भएको वा गण्डकी प्रदेशमा रही सम्बन्धित पेशामा संलग्न रहेको मूल्याङ्कनकर्ता,

ख. सीप मूल्याङ्कनकर्ता तालिम प्रमाणपत्र र मूल्याङ्कनकर्ता परिचय पत्र प्राप्त गरी सम्बन्धित विषयमा कम्तीमा एक पटक मूल्याङ्कनकर्ताको रुपमा संलग्न भई सकेको । सीप मूल्याङ्कनकर्ता तालिम लिएको २ वर्ष पूरा भएको ।

ग. न्यूनतम शैक्षिक योग्यता एस.एल.सी./एस.ई.ई/प्राविधिक एस.एल.सी. उत्तीर्ण गरेको ।

**३. पेश गर्नुपर्ने कागजातहरुः**

क. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

ख. बसाईसराइ भई यस प्रदेशमा बसोवास भएको भए बसाईसराइ प्रमाणपत्रको प्रमाणित प्रतिलिपी,

ग. एस.एल.सी/एसईई/प्राविधिक एस.एल.सी) उत्तीर्ण गरेको ग्रेडसिटको प्रमाणित प्रतिलिपी (विदेशी वोर्डवाट उत्तीर्ण भएको भए समकक्षता समेत),

घ. न्यूनतम योग्यता भन्दा माथिल्लो योग्यता हासिल गरेको भए शैक्षिक योग्यताका प्रमाणपत्रहरु,

ङ. दलित वा जनजाती जाति खुलेको सम्बन्धित जिल्ला प्रशासन कार्यालय वा सम्बन्धित आयोगबाट प्रमाणित गरिएको प्रमाणित प्रतिलिपी ।

च. सीप मूल्याङ्कन तालिम प्रमाणपत्र र सीप मूल्याङ्कनकर्ता परिचय पत्रको प्रतिलिपी,

छ. सीप मूल्याङ्कन गरेको प्रमाण खुल्ने कागजातका प्रतिलिपी (नियुक्तिपत्र)

ज. गण्डकी प्रदेशमा रही सम्बन्धित पेशामा काम गरिरहेको भए सो सम्बन्धी प्रष्ट खुलेको आधिकारीक कागजातहरु

**४. निवेदन पेश गर्न सकिने स्थानहरुः**

क. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा रहेको नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजना सहयोग ईकाइ वा

ख. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, प्रदेश कार्यालय, मालेपाटन पोखरा वा
**अनलाईन माध्यमबाट फर्म भर्नका लागि** तालिम तथा रोजगार व्यवस्थापन सूचना प्रणाली (TEMIS) मा रहेको सीप परिक्षण मूल्याङ्कनकर्ता खण्डमा गई आफ्ना विवरणहरु भरी कागजातहरु राख्रे - यसका लागि temis.gandaki.gov.np लग इन गरी आफ्ना विवरणहरु भर्न सकिने छ ।
सोको लिङ्क निम्नानुसार रहेको छ :
https://docs.google.com/forms/d/e/१FAIpQLScEVD२kPSu४XLGVkmvN७jemSdukKOhZOwBfLTnpYfLgl४FbZQ/viewform?usp=sf मा Click गरी भर्न सकिनेछ ।

## ५. मूल्याङ्कनका आधारहरु:

| क्रस | मूल्याङ्कनका आधारहरु | अंक |
|---|---|---|
| १ | **योग्यता**<br>१. प्राविधिक स्नातक वा सो भन्दा माथि शैक्षिक योग्यता भई<br>क. सम्बन्धित प्राविधिक विषयमा कार्यअनुभव भए -१० अंक<br>ख. कार्य अनुभव नभए-९ अंक<br>२. प्राविधिक डिप्लोमा/तह ३ को योग्यता हासिल गरी<br>क. सम्बन्धित प्राविधिक बिषयमा कार्य अनुभव -८ अंक<br>ख. कार्य अनुभव नभए-७ अंक<br>३. प्राविधिक डिप्लोमा/तह २ को योग्यता हासिल गरी<br>क. सम्बन्धित प्राविधिक बिषयमा कार्यअनुभव -६ अंक<br>ख. कार्य अनुभव नभए- ५ अंक | १० |
| २ | **सीप मूल्याङ्कनकर्ता तालिम हासिल गरेको**<br>क. ३ वर्ष पूरा भएको भए: १० अंक<br>ख. ३ वर्ष भन्दा कम भएको भए: ८ अंक | १० |
| ३ | **सामाजिक समूह**<br>दलित:१० अंक<br>जनजाती: ८ अंक<br>अन्य: ७ अंक | १० |
| ४ | **भौगोलिक विभाजन (स्थायी ठेगाना)**<br>गाउँपालिका: १० अंक<br>नगरपालिका: ७ अंक | १० |
| ५ | **लिङ्ग:**<br>महिला: १० अंक ,<br>पुरुष:८ अंक | १० |
| ६. | **सीप परीक्षण पेशामा सहभागिता**<br>१०० वटा सम्म सीप परीक्षणमा सहभागी भएको भए:१० अंक<br>७० वटा भन्दा बढी ९९ वटा सम्म सीप परीक्षणमा सहभागी भएको भए: ८ अंक<br>४० वटा भन्दा बढी ६९ सीप परीक्षणमा सहभागी भएको भए: ६ अंक<br>१ देखि ३९ वटा सम्म सीप परिक्षणमा सहभागी भएको भए-४ अंक<br>कुनै पनि सीप परिक्षणमा सहभागी नभएको भए: अंक प्रदान नगर्ने | १० |
| | जम्मा | ६० |

## आवेदन फाराम

## सीप मूल्याङ्कनकर्ता पुनर्ताजगी (Refresher Training) तालिम लिन चाहने मूल्याङ्कनकर्ताहरुले पेश गर्ने आवेदन फारामको ढाँचा

प्रस्तुत विषयमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको मिति २०८०/०२/१७ गते प्रकाशित सूचना बमोजिम म.................... ..... ............ले राष्ट्रिय सीप परिक्षण समिति, सानोठिमी भक्तपुरबाट सीप मूल्याङ्कनकर्ता तालिम लिइसकेको र पुनर्ताजगी तालिम लिन ईच्छुक भएकोले तालिम कार्यक्रममा सहभागी गराइदिनुहुन अनुरोध गर्दछु ।

### निवेदकको व्यक्तिगत विवरण

नाम थरः लिङ्गः जातः

सम्पर्क नम्बरः ईमेल ठेगानाः

**स्थायी ठेगानाः**

जिल्लाः स्थानीय तहः वडा नं.

बाबुको नामः आमाको नामः

**हाल बसीरहेको ठेगानाः**

जिल्लाः स्थानीय तहः वडा नं.

पेसा:

### शैक्षिक योग्यता सम्बन्धी विवरण

| क्रस | शैक्षिक योग्यता | उत्तीर्ण गरेको शैक्षिक संस्था | उत्तीर्ण गरेको साल |
|---|---|---|---|
| १ | एस.एल.सी/एसईई/प्राविधिक एस.एल.सी | | |
| २ | प्राविधिक कक्षा ११-१२/ डिप्लोमा/प्रविणता प्रमाणपत्र | | |
| ३ | प्राविधिक स्नातक | | |
| ४ | प्राविधिक स्नातकोत्तर | | |

**सीप मूल्याङ्कनकन सम्बन्धी विवरणः**

सीप मूल्याङ्कनकर्ता सुरू तालिम लिएको मितिः..........................देखि ..............................सम्म

सीप मूल्याङ्कनकर्ता परिचय पत्र नम्बर (ID card Number):

हाल सम्म सीप मूल्याङ्कनकर्ता भई सीप मूल्याङ्कन गरेको सङ्ख्याः

**अनुभव सम्बन्धी विवरण**

हाल संलग्न रहेको पेशा/व्यवसायको नामः

काम गरिरहेको संस्थाको नामः स्थानीय तहः वडा नम्बरः

कार्यरत रहेको अवधिः........................देखि .........................सम्म ........वर्ष.........महिना............दिन

निवेदकको हस्ताक्षर

मितिः